"For Nepali By Nepali"

NON-RESIDENT NEPALI ASSOCIATION
NATIONAL COORDINATION COUNCIL, USA

# 10TH ANNUAL GENERAL MEETING REPORT

July 3-4, 2021

❖MEETING MINUTE ❖GENERAL SECRETARY REPORT ❖TREASURER REPORT

www.nrnusa.org

# 10th Annual General Meeting Minute

Published Date: July 7, 2021

Chair: Mr. Suneel Sah, President
Moderator: Mr. Pashupati Pandey, General Secretary
Meeting Date: July 3-4, 2021
Meeting Venue: Sheraton LaGuardia East Hotel, New York, USA

I. Preamble

As per the NRNA NCC USA Bylaws article XII, 83, NRNA NCC USA conducted its 10th AGM on 3rd-4th of July 2021 in New York. The AGM quorum was constituted and verified.

II. Term of reference

- Opening of AGM
- Organization Report Presentation
- Financial Report Presentation
- Adjournment of AGM

III. Organization Report, Presented by General Secretary

The General Secretary, Mr. Pashupati Pandey presented the Organization Activity Report for the year 2019-2021. In the beginning, Mr. Pandey presented the report and he opened the floor for the question-and-answer over the organization report. After a detailed discussion, participants unanimously passed the report presented by the General Secretary.

IV. Financial Report, Presented by Treasurer

The Treasurer, Mr. Netra (Bandhu) Pokharel, presented the financial report for the year 2019-2021. After a detailed discussion, participants unanimously passed the report presented by the treasurer.

V. No Vote Motion to the Election Committee

Chapter President Mr. Philip KC registered the no-confidence motion at Annual General Meeting (closed session) against the election committee. The President read no-confidence motion for the members and tabled. After the discussion, he handed over the no-confidence motion to the president-elect Buddi Subedi.

VI. President Mr. Suneel Sah thanked to all the participants of the historical AGM 2021 and officially closed the Annual General Meeting. He thanked the participants for their constructive suggestions and promised that NRNA NCC of the USA is committed to providing quality services to its members in the USA.

| | |
|---|---|
| Sincerely, | Sincerely, |
| Pashupatipandey | Suneel |
| Pashupati Pandey | Suneel Sah |
| General Secretary | President |
| (2019-2021) | (2019-2021) |

## दशौं वार्षिक साधारण सभा (३-४, जुलाई, २०२१)

## महासचिव पशुपती पाण्डे द्वारा प्रस्तुत साङ्गठनिक प्रतिवेदन

**आदरणीय सदस्यज्यूहरु सम्पूर्णमा नमस्कार ।**

**वर्तमान कार्यसमितिवाट आफ्नो कार्यकालमा भए गरेका कार्यहरुलाई लिपिवद्व एउटा दस्तावेजको रुपमा यहाँहरू समक्ष महासचिवको प्रतिवेदन प्रस्तुत गर्दछु ।**

### निति तथा कार्ययोजना



पशुपती पाण्डे
महासचिव (2019-2021)

बर्तमान कार्यसमितिले २०१९ जुलाई ६ मा विधिवत रुपमा सपथ ग्रहण गरेपश्चात आफ्नो कार्यकाल सुरु गरेको यंहाहरुमा जानकारी नै छ । शपथ ग्रहण पश्चात मिति जुलाई ७, २०१९ मा बसेको वर्तमान कार्यसमितिको पहिलो बैठकबाट यस कार्यसमितिले लिनुपर्ने २ वर्षे निती तथा कार्यक्रमहरुको रुपरेखा तयार गरी कार्ययोजना बनाएर काम सम्पन्न गरेको यहाहरु समक्ष जानकारी गराउन चाहन्छु । २०१९ मा सम्पन्न संघको निवार्चन प्रक्रियाको दौरान उम्मेद्वारहरुले सार्वजनिक गर्नुभएको विभिन्न योजनाका कार्यक्रमहरुलाई एकत्रित गर्दै सबैको सहभागितामुलक कार्ययोजना वर्तमान कार्यसमितिले २ वर्षका लागि तय गरी कामहरु गरिएको थियो । बर्तमान कार्य समितिले गैर आवासीय नेपाली संघ, अन्तराष्ट्रिय समन्वय परिषद्का एजेन्डाहरू लाई रचनात्मक सहयोग गर्दै, अमेरिकामा बसोबास गर्ने आम गैर आवासिय नेपालीहरूको सहयोगिको रूपमा भुमिका निर्वाह गर्ने कार्यलाई प्राथमिकता दिएको थियो ।

गैर आवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद् अमेरिकाको वर्तमान कार्यसमितिले प्रमुख रुपमा अमेरीकामा केन्द्रीत कार्यक्रमलाई विशेष महत्व दिएर कामहरु गरेको थियो । सँगसँगै यस बीचमा कोरोना कहरले विश्वनै संकटको अवस्थावाट गुज्रिनु परेको अवस्थामा मातृभुमी नेपाल पनि त्यसको प्रभाववाट अछुतो रहन सकेन, त्यसलाई मध्यनजर गर्दै विभिन्न किसिमका सहयोगका कार्यक्रम मातृभुमी नेपालमा गरिएको थियो भने दुरगामी रुपमा नेपाली जनताले लाभ लिनसक्ने गरी योजना अनुरुपको सहयोगका कार्यक्रम समेत गरिएको थियो । साथ साथैं गैर आवासीय नेपाली संघ, अन्तराष्ट्रिय समन्वय परिषद्ले तय गर्ने निति तथा कार्ययोजना अनुरुप संघले सहयोगी भूमिका निभाएर कामहरु गरेको थियो ।अमेरीकामा बसोबास गर्नुहुने आम गैर आवासिय नेपालीहरुको समस्या पहिचानका लागि विभिन्न च्याप्टर तथा क्षेत्रीय समितिमार्फत स्थानीय संघ संस्था तथा गैर आवासीय नेपाली संघका सदस्य तथा आम गैर आवासीय नेपालीसाग छलफल गरी त्यहाँबाट आएका सुझावहरुलाई समेत लिएर २ वर्षे निति तथा कार्ययोजनामा समावेश गरी कामहरु यस विचमा गरिएको थियो ।

गैरआवासीय नेपालीहरुको आवश्यकतालाई मध्यनजर गरी विभिन्नकार्यक्रमहरुलाई क्षेत्रगत रुपमा विभाजन गरेर काम गर्नका लागि विभागहरु गठन गरिएको थियो । संघले तर्जुमा गरेको निती तथा कार्ययोजनाकै आधारमा गठन गरिएको विभागहरु मार्फत कामहरु कार्यकालमा गरिएको यहाँहरु समक्ष जानकारी गराउँदछु ।

### १. विकेन्द्रीकृत अवधारणा

संस्थाको दिगो विकासको लागि केन्द्रीकृत व्यवस्थापनमा भन्दा विकेन्द्रीकृत प्रणालीमा जाँदा त्यसको प्रभावकारिता देखिने पक्षलाई मध्यनजर गर्दै संस्थाको काम कारवाहीलाई विकेन्द्रीकृत ढंगवाट गर्ने तर्फ दुई वर्षे कार्यकालमा जोड दिइएको थियो । यसले संस्थालाई गतिशिल बनाउनका लागि पनि सहयोगी भूमिका निभाएको थियो भन्ने हाम्रो बुझाइ रहेको छ । विकेन्द्रीत योजना अन्र्तगत विभिन्न कमिटि, टाक्सफोर्स तथा च्याप्टरहरुमार्फत कार्यक्रमहरुलाई सम्पन्न गरिएको थियो ।

विकेन्द्रीत योजनाको प्रभावकारिताका लागि संघको विधानमा समेत गत साधारणसभाले केही परिमार्जन गरेको थियो । गत साधारणसभावाट संसोधित विधानले एनआरएनए आइसिसीको वर्तमान विभागिय संरचनासाग मेल खाने गरी विभागिय संरचनाहरु बनाउन सकिने खालको व्यवस्था गरेको छ । विभागीय आधारको संरचना निर्माणले निर्वाचित पदाधिकारीहरुलाई थप जिम्मेवार र जवाफदेहीताको वातावरण सिर्जना गर्नुका साथै सरल ढंगवाट कार्यहरु गर्न सघाउ पुग्ने हामीले विश्वास लिएका छौ ।

### २. कर्पोरेट अबधारणा

गैर आवासीय नेपाली संघ गैर नाफा मुलक संस्था रहेको हामी सबैलाई थाहा नै छ । सेवा मुलक संस्थाको रुपमा रहेर पनि राज्य तथा केन्द्रीय सरकारका विभिन्न निकायहरुवाट प्राप्त गर्न सक्ने विभिन्न सेवामुलक सुविधा (जस्तै कोभिड-१९ रिलिफ फन्ड अन्त्रतगत पिपिपि, ईइएडिसी) कार्यक्रमहरुवाट हामी लाभान्वित हुन सकिरहेका छैनौं । यसका लागि संघलाई गैर नाफामुलक कर्पोरेट मोडलमा लैजान सक्दा यसवाट लाभ लिन सकिने संभावना रहेको यहााहरुमा जानकारी गराउन चाहन्छौं । गैर नाफामुलक कर्पोरेट मोडल आफैंमा एक नया मोडल भएकाले यसको विस्तृत अध्ययन गर्नका लागि एउटा विशेष कमिटि बनाएर काम आरम्भ गरिएको थियो । जसले प्रारम्भिक कामहरु समेत सम्पन्न गरी आधार तयार गरिदिएको छ । संस्थालाई नन परफिट कर्पोरेट ढाचामा लगी कर्पोरेट कल्याड, डियु डिलिजेन्स र फिनान्सियल एकाउन्टिविलिटीमा प्राथमिकता दिएर यस संस्थालाई अगाडी बधाउनका लागी यस सम्मानित सभामा प्रस्ताब गर्दछु ।

### ३.युवा, विद्यार्थी तथा महीलाको सहभागिता अभिवृद्दिमा जोड

एनआरएनए सबैका लागि भन्ने भावनालाई आत्मासाथ गर्दै एनआरएनए अमेरिकाले युवा, विद्यार्थी तथा महिलाहरुको एनआरएनएमा सहभागितामा विशेष जोड दिइएको थियो । युवा-विद्यार्थी तथा महिलाहरु लाई एनआरएनए अभियानमा जोड्नका लागि केन्द्र देखि च्याप्टर सम्म युवा तथा महीला कमिटि गठन गर्ने प्रक्रियालाई अगाडि बढाएर कामहरु गरिएको थियो । त्यसैगरी विद्यार्थीहरुका समस्याहरुलाई ध्यानमा राखी विद्यार्थिको सहभागितामा टास्कफोर्स गठन गरी प्रत्येक युनिभर्सिटीहरुमा विद्यार्थी दुतको मनोनयन गरी विद्यार्थीहरुलाई पनि एनआरएनए संग जोड्ने काम अघि बढाइएको थियो।

### ४.सदस्यता विस्तारमा जोड

एनआरएनए अमेरिकाको राज्य समितिलाई अमेरिकाका प्रत्येक राज्यमा विस्तार गर्ने उद्देश्यका साथ बर्तमान कार्यसमितिले काम अघि बढाएको थियो । विगतका दिनमा विभिन्न कारणले सदस्यतामा कमी आएको हामी सबैले महसुस गरेका थियौं । विगतमा भएका अनुभवबाट पाठ सिक्दै सदस्यता वृद्दिलाई जोड दिई विभिन्न कार्यहरुलाई अगाडि बढाइएको थियो । च्याप्टरहरुको संख्या समेत बढाउने कार्यमा विशेष जोड दिइएको थियो । जसको फलस्वरुप संघको सदस्य संख्या करिव २१ हजार पुगेको छ भने २९ वटा राज्यमा च्याप्टर समिति गठन हुन सफल भएका छन । साथै कार्य कौशलता र गुणात्मक कार्यको नितिलाई अवलम्बन गर्दै च्याप्टर नभएको राज्यहरुमा सम्पर्क व्यक्ति नियुक्त गरी समेत संघले कामहरु यस विचमा गरेको थियो ।

### ५. विभागीय संरचनाको अवधारणा

अमेरिका क्षेत्रफलको हिसावले ठूलो देश हो । साथैं गैर आवासीय नेपालीको वसोबासको हिसाबले समेत अमेरिका महत्वपूर्ण देश भित्र पर्दछ । ५० राज्य रहेको अमेरिकामा कामलाई अझ प्रभावकारी बनाउनका लागि विभागीय संरचनामा जानुपर्ने आवश्यकता देखिएपछि त्यसलाई बुझेर विभागीय संरचना निर्माणमा जोड दिइएको थियो । गत साधारण सभाभन्दा अघि विधान संसोधन हुनु पूर्व कार्यसमितिको संख्या २५ जना रहने अवस्था थियो । संख्यात्मक दृष्टिले पनि सबै राज्यमा केन्द्रीय कार्यसमिति मार्फत काम गर्नका लागि केही असहज जस्तो देखिएको थियो । यसलाई बुझेर योजनाहरु सम्पन्न गर्न, कामको अनुगमन, अनुशासन र कार्ययोजना अनुरुपका कार्य अझ प्रभावकारी ढंगवाट गर्नका लागि आगामी दिनमा उपाध्यक्षहरुलाई विभागीय जिम्मेवारी दिने निति सहीत उहाहरु मार्फत विभागहरु संचालन गर्ने र अनुगमन को वैधानिक संरचना बनाउने तर्फ लाग्न सकिने अवस्थाको निर्माण गरी कार्यस मितिको संख्या समेत गत साधारणसभावाट बढाइएको छ । महिलाको प्रभावकारी उपस्थिति कार्यसमितिमा गराउनका लागि महिला उपाध्यक्ष तथा महिला सचिवको व्यवस्था विधानमै गरिएको छ । जसको कार्यन्वयन समेत भैसकेको छ । भर्खर सम्पन्न निर्वाचनवाट महिला उपाध्यक्ष र महिला सचिव समेत निर्वाचित हुनुभएको छ ।

### ६. नयां प्रबिधिको प्रयोग (स्मार्ट एनआरएनए)

अहिलेको शताब्दीमा प्रविधिको उपयोगलाई गैर आवासीय नेपाली संघ, अन्तराष्ट्रिय समन्वय परिषद्ले पनि प्राथमिकतामा राखेको छ । आइसिसीले ल्याएको स्मार्ट एनआरएनए अवधारणालाई एनआरएनए, एनसिसी युएसएले स्वागत गर्दै त्यसलाई आत्मसात गरी काम गरिएको थियो । दुई वर्षको कार्यकालमा संघले सूचना प्रविधिमैत्री संघ निर्माणमा सक्रियता देखाएर काम गरेको थियो । संघको यस अघि गो डेडी होस्ट सर्भर रहेको वेभसाइटलाई माइक्रोसफ्ट एजर र अमाजन वर्क स्पेस मा रुपान्तरण गर्ने कार्यलाई अघि बढाइएको थियो । एनआरएनए अमेरीकाको वेब पोर्टल संरचना नयां प्रबिधियुक्त निर्माण गरिएको छ । एनआरएनए अमेरीकाको सुचना सबै सदस्यहरूको पहुंचमा होस भनि एनआरएनए अमेरीकाको एप को निर्माण गरि संचालनमा ल्याईकेको छ । त्यसै गरी सम्पुर्ण प्रोफेस्नलहरूलाई एनआरएनए अमेरीका संग जोड्नका लागी डाटावेस समेत निर्माण गरीएको छ ।

### ७. आर्थिक पारदर्शिता र मितव्ययिता

आर्थिक पारदर्शिता र मितव्ययितालाई संघको वर्तमान कार्यसमितिले विशेष रुपमा लिई त्यसमा गम्भिर बनी काम गरिएको थियो । संघको आर्थिक गतिविधि बारे सबै सदस्यहरुले सहज ढंगले जानकारी लिन पाउने अवस्था गरिएको थियो भने आर्थिक गतिविधि सदस्यहरुलाई नियमित रुपमा इमेल समेत गरिएको थियो । संघमार्फत हुने खर्चमा मितव्ययिता अपनाइएको थियो । अतिरिक्त खर्चमा कटौती गर्ने कार्यलाई प्राथमिकता दिइएको थियो । सम्पुर्ण खर्चको बिबरण अकाउन्टिङ सफ्टवेर मार्फत ब्यवस्थित गरिएको छ ।

### ८. सामाजिक तथा आर्थिक कार्यमा अभिवृद्दि

गैर आवासीय नेपाली संघ अमेरिकाले एनआरएनए आइसिसीको नितिलाई अंगिकार गर्दै नेपालको विकास तथा समृद्दिका लागि रचनात्मक सहयोग गर्दै आएको सुखद् इतिहासले यस कार्यसमितिले विशेष महत्व दिएको थियो । नेपालमा आवश्यक पर्ने सहयोगमा अग्रसरता सँगैं संघले अमेरिकामा बस्नुहुने नेपालीहरुको समस्यालाई पहिचान गरी उहााहरुको आर्थिक तथा सामाजिक विकासमा समेत सहयोगीको भूमिका निभाएको थियो । साथैं उहााहरुका लागि विशेष योजनाका साथ अगाडि बढ्ने पक्षमा संघको वर्तमान कार्यसमितिले काम गरेको थियो । संघले विभिन्न कमिटिहरुको गठन गरी कार्यक्रमहरु समेत संचालन गरेको थियो । सिप विकास तालिम, जानकारी मुलक कार्यक्रम, रिटायर्टमेन्ट रिलिफ सम्बन्धी जानकारी, स्वास्थ्य तथा जिवन बिमा सम्बन्धी जानकारी, सुरक्षाका कार्यक्रमहरु, सरकारी राहत सम्बन्धि कार्यक्रमहरुका बारेमा जानकारी दिने काम भएको थियो । यी बाहेक पनि हेल्प डेस्क मार्फत विभिन्न सहयोगका कार्यहरु निरन्तर गरिएको थियो । साथै सामाजिक तथा आर्थिक चुनौती का विषयमा गैर आवासीय नेपालीलाई चेतना अभिवृद्दिका लागि संघले निरन्तर काम गरेको थियो ।

### ९. संस्थागत विकास

संघको संस्थागत विकासलाई कार्यसमितिले विशेष जोड दिएको थियो । संघको आफ्नै भवन नभएको अवस्थाले गर्दा आइपरेको जटिलतालाई बुझेर वर्तमान कार्यसमितिले भवन निर्माणको योजनालाई विशेष महत्व दिदैं आएको थियो । त्यसका निम्ति विशेष कमिटि बनाएर आर्थिक सहयोग संकलनको काम अघि बढाइएको थियो । भवन निर्माणको लागि समुदायका अगुवाहरुसग अन्तरक्रियात्मक कार्यक्रम समेत गरिएको थियो । भवन निर्माणको लागि केही बजेट समेत संकलन भैसकेको छ भने सदस्यता शुल्क वापतको अन्तराष्ट्रिय समन्वय परिषद्लाई उपलब्ध गराइने जम्मा एक लाख डलर बराबरको रकम एनआरएनए एनसिसी युएसएको भवन निर्माणको लागि उपयोग गर्न अनुरोध गर्ने काम समेत भएको छ ।

यसका साथै मेम्बरसिप ड्राइभलाई विशेष महत्व दिइएको थियो । जसका कारण १० हजारवाट झण्डै २१ हजार सदस्य बनाउन बर्तमान कार्य समिति सफल रह्यो र च्याप्टर कमिटि २० बाट २९ वटा गठन भएका छन । सदस्यता भनेको संस्थाको निम्ति महत्वपूर्ण आधार भएकाले सदस्यता वृद्दिले संघको संस्थागत विकासमा महत्वपूर्ण योगदान पुरयाएको छ । यसका साथै कोरोनाको कहरका बिच संस्थाका हरेक गतिविधि विधानले निद्दष्ट गरेको समयावधिमै गर्न सफल भएको छ । संघको नवौं साधारण सभा अनलाइन मार्फत सम्पन्न गरिएको थियो । सो सभा बाट विधान समेत परिमार्जन भएको थियो, जसका कारण आज एनआरएनए अमेरिका अन्य राष्ट्रिय समन्वय परिषद भन्दा समावेशी ढांचाको संस्था बन्ने अवस्था बनेको छ । यसैगरी निवार्चन समेत समयमै गर्न सकिएको छ, विधानमा रहेर अघि बढ्दा संघको संस्थागत विकासमा त्यसले मद्दत गर्ने गर्दछ ।

### १०. बिपत्तीमा नेपाल केन्द्रीत सहयोग कार्यक्रम

मातृभुमी नेपालमा विभिन्न समयमा आइपर्ने विपतको घडीमा सहयोग गर्ने कार्यलाई विशेष प्राथमिकता दिइएको थियो । बाढीपहिरो जस्ता प्राकृतिक विपत्तिको असरको समयमा होस वा पछिल्लो कोरोनाको कहरले पारेको विपतको घडीमा संघले सहयोग गर्दै आएको थियो । कोरोना को कहर्को समयमा मातृभूमि नेपालको सहयोगमा संघले दिर्घकालिन रुपमा महत्व राख्ने अक्सिजन प्लान्ट समेत बनाउने निर्णय गरी काम अघि बढाएको छ । आइशोलेशन सेन्टर निर्माण गर्ने देखि स्वास्थ्य सामाग्रीको संकलन तथा आर्थिक संकलन गरी सहयोग गर्ने कार्य यस विचमा गरिएको थियो । नेपालमा एनसीसी युएसए को नाम बाट अक्सिजन प्लान्ट निर्माण का लागी एक लाख डलर बरबार को रकम आईसीसी मार्फत नेपाल्का निकासा भईसकेको छ भने बिस हजार डलर बराबर को रकम आइशोलेसन सेन्टर निर्माणका लागी खर्च गरिएको छ ।

आदरणीय सदस्य ज्यूहरु,

वर्तमान कार्यसमितिको २०१९ देखि २०२१ सम्मको कार्यकाललाई सहज र सबैको सहभागितालाई मध्यनजर राख्दै सेवा तथा कार्ययोजना अनुरुप दुई किसिमले टास्क फोर्स तथा विभिन्न कमिटिहरु गठन गरेर राष्ट्रिय स्तरका कार्य योजनाहरू कार्यान्यन मा ल्याईएको थियो भने च्याप्तर्हरू मार्फत स्थानिय स्तरका कार्ययोजनाहरू कार्यान्यनमा ल्याईएको थियो । साथै संघको दुई वर्षे कार्यकालमा गरिएका कामहरु यस प्रकार रहेको छ ।

## सम्पन्न गरिएका कार्यक्रमहरू

### १. एनआरएनए आइसिसीमा विजयीहरुको सम्मान कार्यक्रम

एनआरएनए आइसिसीको निर्वाचनमा विजयी एनआरएन अमेरिकाका अभियन्ताहरुको सम्मानमा संघले सम्मान कार्यक्रमको आयोजना गरेको थियो । आइसिसीको उपाध्यक्ष पदमा विजयी सोनाम लामा, महिला उपाध्यक्ष पदमा विजयी रविना थापा, सचिव पदमा विजयी गौरीराज जोशी लगायत क्षेत्रीय संयोजक पदमा विजयी राजन त्रिपाठी, क्षेत्रीय सह-संयोजक पदमा विजयी रामसी पोखरेल, क्षेत्रीय महिला संयोजक पदमा विजयी उमा कार्की थापा लगायत आइसिसी सदस्य तथा आइसिसीका विभिन्न पदमा विजयी अमेरिकाका अभियन्ताहरुलाई सम्मानका लागि गत डिसेम्बर, २०१९ मा बधाई ज्ञापन तथा सम्मान कार्यक्रम सम्पन्न भयो ।

### २. च्याप्टर तथा क्षेत्रीय भेला सम्पन्न

वर्तमान कार्यसमितिले गैर आवासीय नेपाली संघ अमेरीकामा सबैको भावना समेटियोस भन्ने उद्देश्यले सपथ लिएको केही महीनामै च्याप्टर तथा क्षेत्रीय समितिहरुलाई पूर्णता दिने कार्य गरिएको थियो । जस अन्तर्गत च्याप्टर तथा क्षेत्रीय समितिहरुको सपथ ग्रहण सँगँगै स्थानीय रुपमा नेपाली समूदाय संग छलफल गरी समुदायका अभियन्ताहरुवाट सुझाव लिने काम गरिएको थियो । जसले संस्थालाई अगाडि बढाउन मद्दत पुगेको जानकारी गराउँदछु । स्थानीय नेपाली समुदायसागको रायसुझावका आधारमा संस्थाको २ वर्षे कार्ययोजनालाई आधारभुत तहसम्म प्रभाव पर्ने गरी परिमार्जन गरी कार्यक्रम अगाडि बढाइएको थियो । यसै अत्रतगत विभिन्न क्षेत्रमा फरक किसिमका क्षेत्रीय भेला तथा अन्तरक्रिया समेत सम्पन्न गरिएको थियो ।

### ३. महिला सशक्तिकरण कार्यक्रम

#### क) महिला रास्ट्रिय सम्मेलन

वर्तमान कार्यसमितिले महिलाको गैर आवासीय नेपाली संघमा सहभागिता बढाउने कुरालाई विशेष महत्व दिएको थियो । यसलाई कार्यन्वयन तहमा लैजानका लागि संघकी महिला संयोजकको संयोजकत्वमा महिला सहभागिता तथा सशक्तिकरण समिति बनाएर काम अघि बढाइएको थियो । गत सेप्टेम्बरमा महिनामा राष्ट्रिय महिला सम्मेलन सम्मेलन सम्पन्न भएको थियो । त्यो महिला सम्मेलन एनआरएनए अभियानमा पहिलो महिला सम्मेलनको रुपमा रहेको थियो । त्यसैगरी महिला शसक्तिकरण कार्यक्रम अत्रतगत चेतना मुलक कार्यक्रम कोभिड-१९ ले महिलामा पारेको प्रभावका सम्बन्धमा अनलाईन कार्यक्रम समेत गरिएको थियो । त्यसैगरी न्यूयोर्क च्याप्टरमार्फत उत्तर पूर्वी क्षेत्र स्तरीय क्षेत्रीय कार्यक्रम यस विचमा सम्पन्न भएको थियो ।

#### ख) महिला दिवसमा कार्यक्रम

अन्तराष्ट्रिय महिला दिवसमा एक अन्तरक्रियात्मक कार्यक्रम गरिएको थियो । अनलाइन मार्फत गरिएको कार्यक्रममा महिला अधिकार सम्बन्धमा व्यापक छलफल भएको थियो । नेपाल, अमेरिका र विश्वका अन्य देशमा रहनुभएका अधिकारकर्मी महिलाहरुको सहभागिता सहीतको कार्यक्रम निकै फलदायी भएको थियो । साथै अन्तराष्ट्रिय महिला दिवसको उपलक्षमा महिलाहरूका बर्तमान समस्या र समधानका उपायहरू सम्बन्धमा एक दिने अनलाईन कार्यसाला गोष्ठि सम्पन्न गरिएको थियो

ग) त्यसैगरी दीदीबहीनीहरुको समस्या तथा परामर्शका लागि हेल्प डेस्र्क मार्फत २४ घण्टा हटलाइन सेवा उपलब्ध गराइएको थियो ।

### ४. नयां प्रबिधिको प्रयोग (स्मार्ट एनआरएनए)

अहिलेको शताब्दीमा प्रविधिको उपयोगलाई गैर आवासीय नेपाली संघ, अन्तराष्ट्रिय समन्वय परिषद्ले पनि प्राथमिकतामा राखेको छ । आइसिसीले ल्याएको स्मार्ट एनआरएनए अवधारणालाई एनआरएनए, एनसिसी युएसएले स्वागत गर्दै त्यसलाई आत्मसात गरी काम गरिएको थियो । दुई वर्षको कार्यकालमा संघले सूचना प्रविधिमैत्री संघ निर्माणमा सक्रियता देखाएर काम गरेको थियो । संघको यस अघि गो डेडी होस्ट सर्भर रहेको वेभसाइटलाई माइक्रोसफ्ट एजर र अमाजन वर्क स्पेस मा रुपान्तरण गर्ने कार्यलाई अघि बढाइएको थियो । जी सुइट तथा एजरमा लाग्ने प्रति महिनाको शुल्कलाई नाफारहीत संस्थाको रुपमा त्यसमा दर्ता गराई मासिक शुल्क मिनाहा गर्ने कार्य सफल भएको थियो । त्यसैगरी कोभिड-१९ का कारण उत्पन्न जटिल परिस्थितिमा विद्यार्थीहरुलाई सहयोग पुर्याउने उद्देश्यले एनआरएनए स्टुडेन्ड एप निर्माण गरी संचालनमा ल्याइएको थियो ।

एनआरएनए अमेरीकाको वेब पोर्टल संरचना नयां प्रबिधियुक्त निर्माण गरिएको छ । एनआरएनए अमेरीकाको सुचना सबै सदस्यहरूको पहुंचमा होस भनि एनआरएनए अमेरीकाको एप को निर्माण गरि संचालनमा ल्याईकेको छ । त्यसै गरी सम्पुर्ण प्रोफेस्नलहरूलाई एनआरएनए अमेरीका संग जोड्नका लागी डाटावेस समेत निर्माण गरीएको छ । वेभसाइट समेत अपग्रेड गरी अझ सहज ढंगवाट सबै विषयहरु समेटिने खालको वेभसाइट पोर्टल निर्माण गरिएको छ । स्मार्ट एनआरएनए अभियानलाई बल पुग्ने गरी अनलाइन रुपमा साधारण सभा एवं राष्ट्रिय ज्ञान सम्मेलन गत वर्ष सफलतापूर्वक सम्पन्न गरिएको थियो ।

हामी गैर आवासीय नेपालीले गैर आवासीय नेपाली परिचय पत्र प्राप्त गर्नु निकै महत्वको विषय हो । यसलाई मनन गर्दै यसलाई थप सहज, सरल र सबैको पहुँचमा पुर्याउन वर्तमान समयमा डिजिटल कार्डको प्रबन्ध गर्न राष्ट्रिय स्तरमा रियलटाइम डिजिटल आइडी कार्डको व्यवस्था गरेको छ । आजका दिनमा आफ्नो मेम्बरसिप प्रोफाईलमा लगइन गरी आफ्नो एनआरएनए परिचय पत्र प्राप्त गर्न सक्ने ब्यवस्था गरिएको छ ।

### ५. कोभिड-१९ भाइरसका कारण उत्पन्न जटिल परिस्थिति संग अन्तरसम्बन्धित कार्यक्रम

अहिले कोभिड-१९ भाइरसको महामारीले विश्वनै आक्रान्त बनेको अवस्था छ । यसवाट विश्वले ठूलो जन र धनको क्षति व्यवहोर्नु परिरहेको छ । विश्वनैं प्रभावित बनेको यो विषम परिस्थितिमा गैर आवासीय नेपालीहरु समेत यसका कारण समस्यामा परेको अवस्था छ । नेपाल लगायत विश्वका विभिन्न देशमा रहनुभएका केही नेपालीको कोभिड – १९ भाइरसको संक्रमणका कारण ज्यान समेत गएको दु:खत घटना समेत घटेको र यसको प्रत्यक्ष संक्रमणवाट समेत धेरैं नेपाली प्रभावित बन्न पुगेको अवस्था छ । अमेरिकामा यसको कहर केही कम भएपनि मातृभुमीमा अहिले पनि जोखिम उत्तिकै रहेको छ । कोरोनाका कारण अमेरिकामा रहेको हाम्रो नेपाली समुदायले समेत आफ्ना सदस्यहरु गुमाउनुर्पयो, ज्यान गुमाउनु भएका हरुप्रति हार्दिक श्रदाञ्जली व्यक्त गर्दै परिवार जनमा गहिरो समवेदना प्रकट गर्दछौं ।

कोभिड-१९ को संक्रमण बढेसँगैं एनआरएनए आइसिसीले आफ्नो ध्यान गैर आवासीय नेपालीको स्वास्थ्य सुरक्षा र उनीहरुलाई तत्काल आवश्यक पर्ने सेवा उपलब्ध गराउने तर्फ केन्द्रीत गरेको थियो । एनआरएनए अमेरिकाले समेत अमेरिकामा रहनुभएका गैर आवासीय नेपाली र नेपाली सबैंको स्वास्थ्य सुरक्षा र सहयोगका निम्ति सुरुवाती दिनदेखि नैं सक्रियता देखाएको सन्धर्भमा यंहाहरु सबैमा जानकारी रहेकै छ ।

संघले प्रत्यक्ष रुपमा आवश्यकताको मुल्यांकन गरी आर्थिक तथा खाद्यान्न सहयोग अनि आवास व्यवस्थापन सम्मको कार्य गरेको थियो । एनआरएनए अमेरिकाको आग्रहलाई स्वीकार गरी स्वयंसेवी रुपमा धेरैं व्यत्तित्वहरुले सहयोगको हात अघि बढाउनुभएको थियो । प्रत्यक्ष रुपमा नेपाली समुदायका घर- घरमा पुगेर अत्यावश्यक सामाग्री उपलब्ध गराउने देखि लिएर आवश्यक सम्पर्क स्थापित गराइदिने कार्यमा संघका विभिन्न तह तप्कामा रहनुभएका एनआरएनए अभियन्ताहरुवाट सहयोग रहेको थियो । यस बाहेक पनि संघले स्वास्थ्य संग सम्बन्धित विभिन्न सचेतनामुखी कार्यक्रमहरु संचालन गरेको थियो । कोभिड-१९ को असरवाट नेपाली समुदायमा क्षति कम गराउनका लागि संघले कोभिड-१९ के हो र कसरी बच्न सकिन्छ भन्ने सन्दर्भमा चिकित्सा क्षेत्रमा कार्यरत एनआरएनहरुलाई विशेषज्ञको रुपमा ल्याएर अनलाइन कार्यक्रमहरु संचालन गर्ने कार्य कोभिड-१९ को संक्रमण अमेरिकामा देखिएको सुरुवाती दिनको समयदेखिनैं गरेको थियो, जसले गर्दा नेपाली समुदाय बढी प्रभावित हुनवाट यसले जोगाएको हाम्रो विश्वास रहेको छ ।

साथैं संघले उच्चस्तरीय समन्वय समिति, मेडिकल रेस्पोन्स टिम, स्टुडेन्ट रेस्पोन्स टिम, हटलाइन सेवा, क्षेत्रीय कोभिड-१९ रेस्पोन्ट टिम, स्थानीय स्तरमा च्याप्टर स्तरीय समिति बनाएर निरन्तर सेवाको क्षेत्रमा कार्यहरु गरेको थियो । कोभिड-१९ का कारण प्रत्यक्ष वा अप्रत्यक्ष ढंगवाट विविध क्षेत्रमा परेको असर, अमेरिकी सरकारको सहुलियतका योजना, वर्तमान जटिल अवस्थामा कसरी स्वस्थ रहने आदि विषयहरु मा केन्द्रीत रहेर दर्जनौं कार्यक्रमहरु सम्पन्न गरेको सम्मानित यस साधारणसभामा राख्र चाहन्छु । यसबाहेक संघले कोभिड-१९ लाई केद्रमा राखेर कोभिड-१९ विशेष सहयोग कोषको निर्माण गरी गो फन्ड मि मार्फत आर्थिक संकलनको काम गरेको थियो । सँग सँगैं दु:खको घडीमा एनआरएनए अमेरिकाले संघको आपतकालिन कोषको रकम समेत समस्यामा परेका नेपालीको सहयोगमा खर्च गर्ने निर्णय गरी काम गरेको थियो । आम अमेरिकाबासी एनआरएनहरुले समेत एनआरएनए अमेरिकाले खेलेको भूमिकालाई आत्मसात गर्नुभएको छ भन्ने हाम्रो विश्वास छ ।

साथैं कोभिड-१९ कारण तुलनात्मक रुपका बढी प्रभावित देखिएको अमेरिकामा रहेको नेपाली विद्याथी (एफ वन)  स्टाटसमा रहेकाहरुलाई सहयोगका लागि संघले निरन्तर पहलकदमी लिइरहेको यस सभामा राख्र चाहन्छु । प्रत्यक्ष सहयोग गर्ने देखि लिएर नेपाली विद्यार्थीलाई परेको र पर्न सक्ने समस्यालाई मध्यनजर गर्दै डिपार्टमेन्ट अफ होमल्याण्ड सेक्युरिटी तथा विभिन्न विश्व विद्यालय एवं कलेजको व्यवस्थापन समितिलाई विद्यार्थीहरुले झेल्नुपर्ने समस्यालाई समाधान गर्नका लागि सहयोग गर्नका लागि अनुरोध सहीत संघले पत्राचार समेत गरेको थियो ।

यसबाहेक संघले बन्दाबन्दीका कारण अमेरिकामा रोकिनुभएका र नेपाल जान चाहनुभएकाहरुलाई नेपाल फर्काउनका लागि संघले नेपाल सरकार, गैर आवासीय नेपाली संघ, आइसिसी, अमेरिकास्थित नेपाली दुतावासाग सहकार्य गरी उहाँहरुलाई नेपाल पठाउन सकिएको यस साधारणसभामा राख्र चाहन्छौं ।साथै पछिल्लो समय विभिन्न संघ संस्थाहरुले संकलन गर्नुभएको स्वास्थ्य सामाग्री समेत अमेरिकावाट नेपाल पठाउन सहजीकरणको व्यवस्था गरिएको थियो । यसरी संघले निरन्तर कोभिड-१९ का कारण उत्पन्न जटिल परिस्थतिमा नेपाली समुदायलाई कसरी र कुन रुपमा सेवा दिन सकिन्छ भनेर निरन्तर काम भएको थियो । यो विषम परिस्थितिमा सहयोगको यो पुण्य अभियानमा साथ, सहयोग र समर्थन गर्नुहुने सबैमा हार्दिक आभार व्यक्त गर्दछौं ।

### ६. एनआरएनए युएसएको कार्यालय भवन

गैर आवासीय नेपाली संघ अमेरिका संस्थागत रुपमा दिनानुदिन अघिइ बढिरहेको छ । कार्यका क्षेत्रहरु समेत फराकिलो बन्दै गएको अवस्थामा संघको आफ्नै भवनको आवश्यकता महशुस भएको छ । एनआरएनए युएसए अफिस विल्डिङ इनिसियटिभ प्रोजेक्ट को सुरुवात गरी कामको सुरुवात भैसकेको  यस साधारण सभामा जानकारी गराउन चाहन्छौ ।

यस प्रोजेक्टका लागि आर्थिक संकलन नै सबैभन्दा मुख्य पक्ष भएकाले त्यसका लागि काम भैरहेको छ । यसैलाई मध्यनजर गर्दै उत्तर पूर्वी क्षेत्रीय समितिको एक कार्यक्रमको आयोजना समेत गरेको थियो । जसमा एनआरएनए अभियन्ताहरुवाट १ लाख २० हजार रकम सहयोग गर्ने वचन समेत दिइसक्नुभएको थियो । प्रतिवद्धता गर्नुभएको रकम समेत संकलन सुरु भएको छ । साथै यसका निम्ति सदस्यता शुल्क वापत आइसिसिलाई उपलब्ध गराउने लगभग एक लाख डलर बरावरको रकम नआरएनए युएसएको कार्यालय भवन निर्वाणमा उपयोग गर्नका लागि अनुरोध गर्ने निर्णय समेत भएको र त्यही अनुरुप जानकारी गराइएको छ ।  यसका लागि आवश्यक अन्य कार्य समेत अघि बढाइएको छ ।

### ७. नेपाली भाषा शिक्षा

भाषा आम गैर आवासीय नेपालीका लागि महत्वपूर्ण कुरा हो । भाषाले नेपाल सँग गैर आवासीय नेपालीलाई जोड्न महत्वपूर्ण भूमिका खेलेको हुन्छ । अझ नेपाल वाहिर जन्मिएर यही हुर्किरहेको र सानो उमेरमा नै आफ्नो अभिभावक संग नेपाल वाहिर आइ बसेको पुस्तालाई नेपालसँग जोडिराख्नका लागि भाषा र संस्कारको महत्व अहं रहेको हुन्छ । यस पक्षलाई ख्याल गरी संघले केही वर्ष यतादेखि नेपाली भाषाको प्रवद्र्दन र नयाँ पुस्तालाई त्यसबारे ज्ञान दिनका लागि विशेष महत्व दिएको छ । संघले विगतमा प्रकाशित गरेको नेपाली पाठशाला पुस्तकलाई आवश्यकता अनुसारको परिमार्जन गर्दै नैतिक ज्ञान शिक्षालाई पनि प्राथमिकता दिइएको छ । संघले प्रकाशन गरेको नैतिक ज्ञान दर्शनको पाठ्यक्रमले यहाँ हुर्किरहेको हाम्रो नयाँ पुस्तालाई सही मार्गदर्शन गर्न सघाएको हाम्रो बुझाइ रहेको छ । नेपाली समुदायका विभिन्न संघ संस्थाहरुले चलाउने नेपाली भाषा कक्षाहरुमा संघ सदैव सहयोगी बनी संघले आवश्यक सहयोग गरेको थियो ।

## ८.नागरिक तथा अध्यागमन

हामी गैर आवासीय नेपालीहरुका धेरै खालका समस्याहरु रहेका छन् । गैर आवासीय भएपछि नेपाल साग जोडिएर आउने खालको समस्या एक थरी छ भने आप्रवासी हामीहरुका अर्को खालको समस्या पनि छ । गैर आवासीय नेपालीलाई सरल ढंगवाट नेपालको नागरिकता प्राप्त गर्ने दिशामा महत्वपूर्ण उपलब्धी हासिल भएको अवस्था छ ।

संघले अमेरिका स्थित नेपाली दुतावाससागको सहकार्यमा अमेरिकामा विभिन्न राज्यका शहरहरुमा घुम्ती सेवा कार्यक्रम समेत सम्पन्न गरेको छ । यसले सेवाग्राहीलाई सेवा लिन सहज भएको छ भने नेपालसाग जोडिएर आउने कागजपत्रसाग सम्बन्धित समस्याले गर्दा अप्ठ्यारोमा पर्नुभएका गैर आवासीय नेपालीले आफ्नै नजिकको ठाउवाट सेवा लिन पाउनुभएको थियो । यस विचमा इलिनोइस राज्यको शिकागो , टेक्ससको डलास र ह्युष्टन, क्यालिफोर्नियाको लसएन्जल्स र सानफ्रान्सिस्कामा कन्सुलेट शिविर आयोजना भएको थियो ।साथै, आप्रवासी कानुनसाग सम्बन्धित विभिन्न कार्यक्रमहरु संचालन गरिनुका साथै कानुनी परामर्शको कार्य समेत दिने गरिएको थियो ।

## ९. अतिरिक्त शिक्षा तथा सिप विकास अभिमुखीकरण कार्यक्रम

अमेरिकामा बसोवास गर्दै आउनुभएका कुल नेपालीको संख्याको झण्डै ४० प्रतिशत गैर आवासीय नेपाली आयआर्जनको हिसावले न्यून आय गर्नेहरु रहेको अनुमान गरिन्छ । यस पक्षलाई ख्याल गरी अमेरिकामा रहने नेपालीलाई विभिन्न खालको सिप तथा अतिरिक्त शिक्षा प्रदान गर्ने खालका कार्यक्रम बर्तमान कार्यसमितिले अघि बढाएको थियो ।

साथै विभिन्न राज्य तथा स्थानीय सरकारी निकायहरुमा समेत विभिन्न खालका सिप विकास तालिम तथा विभिन्न सहुलियतका कार्यक्रमहरु रहेका हुन्छन् । त्यसवाट नेपालीलाई लाभान्वित गराउनका लागि संघले जानकारी मुलक कार्यक्रमलाई अगाडि ल्याई कार्यक्रमहरु गरिएका थिए । पछिल्लो समय कोभिड-१९ का कारण उत्पन्न जटिल परिस्थितिमा अमेरिकी सरकार, यसका अंगहरु तथा गैर सरकारी निकायहरुवाट प्राप्त हुने सहुलियतका कार्यक्रमहरु बारे जानकारी गराउन समेत संघले विभिन्न जनचेतनामुखी कार्यक्रमहरु संचालन गरेको थियो । आगामी दिनमा समेत गैर आवासीय नेपालीहरुको जिवनस्तर माथि उठाउनका लागि उपयोगी हुने तालिम तथा जानकारी मुलक कार्यक्रमहरुलाई अगाडि बढाउन सक्दा यस्ता कार्यक्रमहरुले गैर आवासीय नेपालीको आर्थिक जिवनस्तर वृद्दि गराउन सहयोग पुग्नेमा हाम्रो विश्वास रहेको छ ।

## १०. इन्फरमेशन हेल्प डेस्क संचालन

अमेरिकामा रहनुहुने गैर आवासीय नेपालीको सहयोगका लागि संघले सूचना, जानकारी र सहयोगको हेतु हेल्प डेस्क संचालन गरिएको थियो । यो हेल्प डेस्क गैर आवासीय नेपालीलाई परेका समस्यालाई समाधानका लागि निकै उपयोगी सिद्द भएको विश्वास रहेको छ । कानुन सम्बन्धी, रोजगार सम्बन्धी, घरेलु हिंसा सम्बन्धी, स्वास्थ्य सम्बन्धि, विमा सम्बन्धि, ट्याक्स सम्बन्धी, व्यवसाय सम्बन्धी, शिक्षा तथा अवसर सम्बन्धी यी यस्ता विभिन्न विषयहरु संग सम्बन्धित समस्याहरु हेल्प डेस्क आउने गरेको र अमेरिकी कानुनको अधिनमा रही विषयगत विज्ञ तथा त्यही क्षेत्रमा कार्यरत हरुको सहयोगमा परामर्श गर्ने कार्य संघको हेल्प डेस्कवाट गरिएको यस सम्मानित सभामा जानकारी गराउदछु ।

अझ पछिल्लो समय वर्तमान कोभिड-१९ भाइरसका कारण उत्पन्न जटिल परिस्थितिमा यस हेल्प डेस्कवाट निकैं महत्वपूर्ण सहयोगको काम भएको थियो ।

## ११. युवा तथा विद्यार्थीको एनआरएनए मा सहभागिता र सक्रियता

क) एनआरएनएको भविष्य जोडिएको युवा तथा विद्यार्थीलाई एनआरएनए अभियानमा समावेश गराउन एनआरएनए युएसएको वर्ष २०१९ देखि २०२१ को कमिटिले विशेष जोड दिदैं आएको थियो । संघमा युवाको प्रतिनिधित्व वढाउन र एनआरएन मुभमेण्टमा सहभागिता वृद्दि गर्नका लागि युवा सहभागिता समिति र स्टुडेण्ट टास्क फोर्स समिति गठन गरी एनआरएनए युएसएले युवा तथा विद्यार्थी जोड्ने कामको सुरुवात गरी ती समितिमार्फत विभिन्न कार्यक्रमहरु गरिएको सम्मानित सदस्यहरुमा जानकारी गराउन चाहन्छौं ।

ख) युवा तथा विद्यार्थीहरुको भावना कस्तो छ, उनीहरुको एनआरएनएवाट अपेक्षा के छ भन्ने सम्बन्धमा नजिकवाट नियालेर युवा तथा विद्यार्थीहरुलाई एनआरएन मुभमेण्टमा समेट्न सहयोगी बन्ने गरी फेब्रुअरी २३, २०२० मा टेक्ससको डलास शहरमा राष्ट्रिय युवा तथा विद्यार्थी सम्मेलन समेत सम्पन्न गरिएको थियो । भने दोस्रो युवा सम्मेलन २०२१ मा अनलाइन मार्फत सम्पन्न गरिएको थियो । त्यस सम्मेलन पश्चात तुलनात्मक रुपमा युवा तथा विद्यार्थी एनआरएनए अमेरिकामा सहभागिता र सक्रियता समेत बढेको यहाहरुमा जानकारी गराउन चाहन्छौं ।

ग) अमेरिकाका विभिन्न विश्वविद्यालय तथा कलेजहरुमा अध्ययनरत विद्यार्थीहरुले भोग्नु परेका समस्या, उनीहरुको अपेक्षा र एनआरएनए युएसएले उनीहरुका निम्ति के गर्न सक्छ र अभिभावकीय भूमिका कसरी खेल्न सक्छ भन्ने कुरा नजिकवाट बुझ्नका लागि हरेक विश्वविद्यालयहरुमा विद्यार्थी दुत (स्टुडेण्ट एम्ब्यासडर) नियुक्ती गर्ने कार्यको सुरुवात गरि काम गरिएको थियो । जसले विद्यार्थीहरुमा एनआरएनए युएसएप्रतिको सम्बन्ध बढाएको हामीले महशुस गरेका छौं ।

घ) यो बिचमा स्टुडेन्ट संजाल निर्माण गर्ने देखि लिएर प्रविधिमैत्री संजाल निर्माण गर्ने हेतु स्टुडेन्ड एप समेत संचालनमा ल्याइएको छ । यसको उपयोगीता निकै देखिएको छ ।

ङ) एनआरएनए युएसएको पहलमा विद्यार्थीहरुलाई सिधै अमेरिका स्थित नेपाली दुतावासमा गुनासो, सहयोग वा जानकारी राख्न र लिन सजिलो होस् भनी दुतावासवाट विद्यार्थीका निम्ति छुट्टै इमेल पत्राचार ठेगानाको व्यवस्था मिलाइ काम अघि बढेको छ । यसका निम्ति अमेरिका स्थित नेपाली दुतावास परिवारप्रति हार्दिक धन्यवाद समेत व्यक्त गर्दछौं ।

च) संघमार्फत प्रदान गरिदैं आइएको छात्रवृत्तिको कार्यक्रमलाई निरन्तर राख्दैं थप व्यवस्थित र दिगो राख्नका लागि युवा विद्यार्थीको कोषको सुरुवात गरिएको छ । जसका लागि आर्थिक संकलनको कामको सुरुवात  समेत भएको छ । युवा तथा विद्यार्थी लक्षित कार्यक्रम गर्नका लागि सघाउ पुगोस् भनी संघको सदस्य बन्दा सदस्यता वापत प्राप्त शुल्कवाट केही रकमको व्यवस्थालाई अनिवार्य बनाइएको छ ।

छ) संघले प्रदान गर्दै आएको छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीको संख्या थप गरिएको छ । अहिले प्रत्येक क्षेत्रवाट १ छात्र र १ छात्रा गरी कुल ८ जना विद्यार्थीलाई छात्रवृत्तिको प्रबन्ध मिलाइएको छ ।

यी यस्ता कार्यक्रमका साथैं संघको युवा सहभागिता समिति, स्टुडेण्ट टास्कफोर्समार्फत सहयोगका कार्यक्रमहरु समेत गरिएको थियो ।

## १२. एनआरएन अभियान तथा एनआरएनए युएसएमा पेशागत विज्ञहरुको सहभागिता

विगतका दिनमा विज्ञ तथा व्यवसायीहरुलाई एनआरएनएमा आकर्षित गराउन नसकिरहेको अवस्थामा केही वर्ष यता उहाँहरुको सहभागिता राम्रो देखिन्छ । २ वर्ष अगाडि सम्पन्न भएको क्षेत्रीय विज्ञ भेलावाट सुरु गरिएको यस अभियानलाई वर्तमान कार्यसमितिले निरन्तरता दिई ज्ञान सम्मेलन समेत सम्पन्न भएको छ । गत  जुलाई ४ मा राष्ट्रिय ज्ञान सम्मेलनको पनि आयोजना गरिएको थियो । अमेरिकामा विज्ञ तथा व्यवसायीहरुको संख्या उल्लेखनीय रहेको छ । त्यसै कारण राष्ट्रिय ज्ञान सम्मेलन मात्र नभएर क्षेत्रीय ज्ञान सम्मेलनको आयोजना गर्ने उद्देश्य लिई विज्ञहरुलाई जोड्नका लागि एक्सपर्ट डाटा बेस र एक्सपर्ट नेटवर्किङ एप निमार्णको कार्य  पुरा गरी काम अगाडि बढाइएको छ । भबिस्यमा प्रोफेसनल नेटवर्किङ डाटाबेसको माध्यम बात सबै  पेशागत विज्ञहरु एन आर एन ए को अभियानमा जोडिनु हुनेछ भन्ने बिस्वास गरिएको छ ।

## १३. बुलेटिन प्रकाशन तथा सामाजिक संजालमार्फत सूचना सम्प्रेषणमा प्रभावकारिता

संघका गतिविधिहरुलाई समेटेर संघको आधिकारिक बुलेटिन प्रकाशन गरिएको छ  । साथैं संघका गतिविधि र सूचनाामा सबैको पहुच सहज होस् भनी संघले आफ्नो गतिविधिहरु सामाजिक संजालमार्फत पनि निरन्तर सम्प्रेषण गर्दै आइएको थियो । अमेरिका तथा अमेरिका बाहिरबाट संचालित संचारमाध्यम तथा आम संचारकर्मीहरुहरुसँगको सहकार्यलाई बढाउदैं संघको गतिविधिलाई बढी भन्दा बढी समुदायका सदस्यहरुमा पुँयाउने कार्यलाई जोड दिइएको थियो । त्यसै गरी ईमेल फेसबूक तथा युटुब जस्ता सामाजिक संजाललाई सुचना प्रबाहको मुख्य स्रोत बनाईएको छ ।

## १४. अमेरिकी जनगणना केन्द्रीत कार्यक्रम

अमेरिकामा चलिरहेको जनगणना वर्षमा बढी भन्दा बढी गैर आवासीय नेपाली गणित हुनका लागि अभिप्रेरित गर्नका लागि संघले जनगणना विशेष अभियाननै संचालन गरेको थियो । संघले समितिनैं निर्माण गरी अमेरिकाका विभिन्न राज्य तथा शहरहरुमा अन्तरक्रियात्मक तथा जानकारी मुलक कार्यक्रमहरु संचालन गरिएका थिए । जसका कारण जनगणनामा नेपालीको संख्या गणित हुने दर बढाउन मद्दत पुगेको हाम्रो विश्वास रहेको छ ।

## १५. नेपाल भ्रमण वर्ष २०२० लक्षित कार्यक्रम

नेपालको अर्थतन्त्रमा महत्वपूर्ण आधारको रुपमा पर्यटन क्षेत्र रहेको छ । नेपालको आर्थिक विकासको सहयोगी पर्यटन क्षेत्रलाई लक्षित गरी नेपाल सरकारले भ्रमण वर्ष २०२० को घोषणा गरेको थियो । भ्रमण वर्ष मार्फत नेपाललाई विश्व माझ पर्यटन गन्तव्य देशको रुपमा परिचित गराउने सरकारको तयारी थियो । त्यही अनुरुप भ्रमण वर्ष लक्षित कार्यक्रमहरु समेत भएको थियो । नेपाल सरकारले भ्रमण वर्षलाई सफल पार्न गैर आवासीय नेपाली संघ संग समेत सहकार्य गरेको थियो । एनआरएनएले समेत अन्तराष्ट्रिय र राष्ट्रिय समितिहरु मार्फत भ्रमण वर्षलाई सफल वनाउनका लागि सहयोगी कार्यक्रम गर्दै आएका थिए ।

यसै क्रममा गैर आवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद् अमेरिकाले समेत नेपाल भ्रमण वर्षलाई लिएर प्रचार प्रसार लगायत विभिन्न कार्यक्रमहरु गरेको थियो । तर विडम्वना कोभिड १९ को विश्व महामारीका कारण भ्रमण वर्ष रोक्नुपर्ने बाध्यतासँगै नेपाल सरकारले भ्रमण वर्षलाई स्थगन गर्ने निर्णय गरेको थियो । यो सँगैं संघले तय गरेका भ्रमण वर्ष लक्षित कार्यक्रमहरु समेत बिचमा पुगेर स्थगन गरिएको थियो ।

### १६. दोहोरो नागरिकता तथा गैर आवासीय नेपाली नागरिकताका सम्बन्धमा अन्तरक्रिया कार्यक्रम

नेपालमा गैर आवासीय नेपालीलाई नागरिकता दिने सम्बन्धमा कानुन निर्माणको प्रक्रियामा अघि बढिरहादा गैर आवासीय नेपाली नागरिकतासग सम्बन्धित रहेर संघले विभिन्न अन्तरक्रियात्मक कार्यक्रमको आयोजना गरेको थियो । दोहोरो नागरिकताको सुनिश्चितता र गैर आवासीय नेपाली नागरिकताको प्राप्ती पछि प्राप्त हुने अधिकारका सन्दर्भमा न्यूयोर्क र टेक्ससमा राज्य च्याप्टरहरुको संयोजनमा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएका थिए । यसवाट गैर आवासीय नेपाली नागरिकतासँग सम्बन्धित विषयबारे जानकारी हासिल गर्न सघाउ पुगेको विश्वास गरिन्छ । साथैं अहिले प्रतिनिधि सभाको राज्य व्यवस्था तथा सुसाशन समितिवाट नेपालको नागरिकता ऐन, २०६३ लाई संसोधन गर्न बनेको विधेयक पारित भएको छ । जसले आर्थिक,सामाजिक र सांस्कृतिक अधिकार उपभोग सहीत गैर आवासीय नेपालीलाई नागरिकता प्राप्तीको बाटो खोलि दिएको छ । अव प्रतिनिधि सभा र राष्ट्रिय सभाको वैठकमा विधेयक पेश भई पारित भए पश्चात यो लागू हुनेछ । यो विधेयकले गैर आवासीय नेपालीको अभियानलाई सम्बोधन गरेको छ । गैर आवासीय नेपाली नागरिकतालाई पूर्णता दिनका लागि एनआरएनए एनसिसी युएसएले आइसिसिलाई रचनात्मक सहयोग गर्दै आएको थियो ।

### १७. नेपालमा बर्थ सेन्टर कार्ययोजना

एनआरएनए आइसिसीले सुरु गरेको वन एनसिसी वन च्यारिटी अत्र्तगत एनआरएनए अमेरिकाले नेपालमा विशेष गरी नवजात शिशु र गर्भवती महिलाको स्वास्थ्य सुरक्षाका लागि विशेष जोड दिदैं सुरक्षित डेलिभरी सेवाका लागि बर्थ सेन्टर निर्माणमा जोड दिई कार्य आरम्भ गरेको छ । संघले कुमार्ख गाउपालिकामा बर्थ सेन्टर निर्माणको कार्य अघि बढाएको छ, जसको पूर्वाधार निर्माण सुरु भएको छ । संघले यस योजनाका लागि जग्गा तथा जनशक्ति उपलब्ध गराउने, उपकरण र औषधीको व्यवस्था गर्ने काम गर्नुृका सथै नियमित रुपमा यसको सेवा प्रवाहको अनुगमन समेत गर्नेछ ।

### १८. नेपालमा अक्सिजन प्लान्ट तथा आइसोलेशन सेन्टर निर्माण

कोभिड १९ को कहरले मातृभुमीमा पुर्‍याएको क्षति र नेपालमा रहनुभएका आमा बुबा , दाजु भाई तथा दिदी बहिनीहरुमा परेको पिडाको घडीमा केही दिर्घकालिन महत्वको सहयोगको कार्यक्रम गरौं भन्ने उद्देश्यले संघले नेपालमा अक्सिजन प्लान्ट निर्माण गर्ने कार्यको निर्णय गरेको थियो । नेपालको कुैन एक अस्पतालसगको सहकार्यमा संघले प्लान्ट निर्माण गर्ने निर्णय गर्दै त्यसका निम्ति सहयोग संकलनको काम गरेको थियो । गोफण्ड बाट युठेको रकम र त्यसबाट अपुग रकम संस्थाको बिशेष कोषबाट सहयोग पुग्रे गरि जम्मा १ लाख डलर नेपालमा अक्सिजन प्लान्ट निर्माणका लागी आईसीसी मार्फत संघले रकम हस्तान्तरण गर्ने कार्य गरेको छ । त्यसै गरी संघले जनकपुरमा आइशोलेशन सेन्टर निर्माण गरेको छ। धेरै दाजु भाई दिदि बहिनिहरू यस बाट लाभान्वित हुनु भएको छ । विभिन्न प्रदेश, क्षेत्र र शहरहरुमा अन्य संघ संस्थाहरुले काम गरिरहनुभएको अवस्थामा सबै सग समन्वय गरी जनकपुरमा संघले आइशोलेसन सेन्टर निर्माण गर्ने निर्णय गरेको थियो ।

### १९. नेपालमा प्राकृतिक प्रकोपका कारण हुने क्षतिमा सहयोग

संघले नेपालमा पछिल्लो समय गएको बाढी पहिरो जस्ता प्राकृतिक विपत्तिमा सहयोग गर्नका लागि सबैमा अपिल गरेको थियो । प्राकृतिक विपत्तिको घडीमा के कस्तो सहयोग गर्न सकिन्छ त्यस बारे ध्यान दिई सहयोगको संकलनको काम अघि बढिरहेको थियो । नेपालको बाढि पिडीतका लागी २० हजार डलर सहयो गरेको थियो ।

### २०. विश्व स्वास्थ्य सम्मेलन सम्पन्न

गैर आवासीय नेपाली संघ अन्तराष्ट्रिय समन्वय परिषद्को निति अनुरुप आयोजित विश्व स्वास्थ्य सम्मेलनमा गैर आवासीय नेपाली संघ अमेरिकाको सहकार्य रहेको थियो । विश्व स्वास्थ्य सम्मेलनको व्यवस्थापन समेत एनआरएनए अमेरिकाले गरेको थियो । र त्यसको दोस्रो संस्करण पनि अमेरिकाको आतिथ्यतामा सम्पन्न गरिएको थियो । अनलाइनमार्फत यस पटक विश्व स्वास्थ्य सम्मेलन सम्पन्न भयो । कोरोनाको कहरका विच भएको यो सम्मेलन निकै उपलब्धी मुलक रहेको हाम्रो बुझाई छ ।

### २१. नेपालमा स्मार्ट सिटि निर्माणमा सहकार्य

गैर आवासीय नेपाली संघ अमेरिकाले नेपालका २ गाउँपालिकालाई स्मार्ट सिटि बनाउनका लागि सहयोगी हात अघि बढाएको छ । संघको साइन्स, टेक्नोलोजि एण्ड इनोभेसन कमिटिले नेपालको गोर्खा जिल्लाको पालुङटार गाउपालिका र स्याङ्जा जिल्लाको वालिङ नगरपालिकालाई स्मार्ट सिटि बनाउने अभियानमा सहयोग गरिएको छ । स्मार्ट सिटि निर्माणमा सहकार्य अन्तर्गत प्रबिधि ब्बस्थापन रहेको छ ।

### २२. सिपयुक्त जनशक्ति व्यवस्थापन र सिपमुलक कार्यक्रम संचालन

गैर आवासीय नेपाली संघ अमेरिकाले अमेरिकामा आउने नेपालीलाई स्वावलम्बी बनाउने अभियान केन्द्रीत कार्यक्रम समेत संचालन गरिएको थियो । संघको एजुकेशन एण्ड स्किल इन्ह्यान्समेन्ट कमिटिले नेपालमा नै सिप सिकेर अमेरिकामा आउनेहरुलाई यहा कसरी त्यही सिप अनुसारको काम पाउन सकिन्छ त्यसबारे ज्ञान दिने खालका कार्यक्रम गर्नुका साथै अमेरिकामैं सिप सिकेर कसरी स्वालम्बी बन्न सकिन्छ भन्ने सन्दर्भमा केन्द्रीत रहेर कार्यक्रम संचालन गरिएको थियो ।

### २३. ज्ञान विज्ञान तथा सकारात्मक चिन्तन कार्यक्रम

पछिल्लो समय कोभिड १९ को महामारीले धेरै क्षेत्रमा असर पुर्‍याएको छ । त्यसमध्ये एक मनोविज्ञान पनि हो । मानिसमा एक प्रकारले डरको जन्म गराइदिएको मनोविज्ञहरुले बताउदैं आउनुभएको छ । त्यस पक्षलाई विशेष महत्व दिई संघले ज्ञान विज्ञान तथा सकारात्मक चिन्तन कार्यक्रम अनलाइन मार्फत संचालन गरेको थियो । यसले समाजमा सकारात्मक परिबर्तन गर्न सफल भएको बिस्वास गरिएको छ । भोलिका दिनमा पनि यस्ता कार्यक्रम्हरू अझ बढी संचालन गर्नु पर्ने देखिन्छ ।

### २४. दोश्रो पुस्तालाई जोड्ने कार्ययोजना हरू सम्पन्न

#### क) ड्रिम विग कार्यक्रम सम्पन्न

अमेरिकामा हुर्किरहेको हाम्रा बालबालिकाहरुको अन्तरनिहित प्रतिभालाई प्लाटफार्म उपलब्ध गराउनका लागि संघले ड्रिम विग कार्यक्रम आयोजना गरेको थियो । यसले संघसग बालबालिकाहरुलाई जोड्नका लागि भूमिका खेलेको थियो भने बालबालिकाहरुले आफ्ना विभिन्न प्रतिभा देखाउने अवसर समेत पाएका थिए । यो कार्यक्रमका दौरान धेरै हाम्रा बालबालिकाहरु क्षमतावान भएको हामीले अनुभूति गरेका छौं । नानिहरूले आफ्नो प्रतिभा सोंचे भन्दा धेरै राम्रो प्रस्तुत गरेका थिए ।

#### ख) कोडिङ कक्षा संचालन

एनआरएनए अभियानमा अमेरिकामा हुर्किरहेको हाम्रो आगामी पुस्तालाई जोड्नका लागि के गर्दा हुन्छ भन्ने चिन्तन हुदैं आएको छ । यसलाई बुझेर संघले अनलाइन कोडिग कक्षा संचालन गरेको थियो । यसवाट धेरै वालबालिका लाभान्वित भएका छन ।

#### ग) ईन्टर्नसीप एन्ड कल्चर एक्स्चेन्ज प्रोग्राम

यस कार्यक्रम अन्तर्गत अमेरीकामा हुर्केका नानिहरुलाई नेपालमा लगेर अमेरीकामा सिकेको सिप र ज्ञान सेयर गर्ने उदेस्य सहितको कार्य योजना कोभिड १९ का कारण सम्भब रहेन । तर नेपाल र अमीरिकामा हाईस्कूलमा अध्यनरत बालबालिकाहरुलाई अनलाईन मार्फत अध्यनमा कोभिड १९ का कारन पुग्न गएको प्रभाव सम्बन्धामा नलेज सेयरिङ कार्यक्रम सम्पन्न गरियो । यस्ता कार्यक्रमहरू भबिस्यमा अनलाईन तथा ईन प्रसन धेरै भन्दा धेरै गर्नु पर्ने देखिन्छ ।

### २५.अन्तराष्ट्रिय कविता तथा वक्तृत्वकला प्रतियोगतामा सहभागिता

संघले अन्तराष्टिय समन्वय परिषद्ले आयोजना गरेको कविता प्रतियोगितामा आर्थिक सहयोग समेत गरेको थियो । साथै अमेरिकावाट हाम्रा बालबालिका सहभागि भएका थिए । केही पुरस्कृत पनि भएका थिए यसका साथैं अन्तराष्ट्रिय समन्वय परिषद्ले आयोजना गरेको वक्तृत्वकला प्रतियोगिता संस्थागत रुपमा सहयोग हाम्रा बालबालिकाहरुको त्यसमा सहभागिता रहेको थियो । हाल आईसीसीको आयोजनामा हुन लागिरहेको गायन प्रतियोगितामा पनि हाम्रो तर्फवाट सहयोग गरिएको छ ।

### २६. योगदानमा आधारित सम्मान कार्यक्रम

संघले विभिन्न क्षेत्रमा रही सामाजिक योगदान दिनुभएका व्यक्तित्वहरुलाई सम्मान कार्यक्रम अघि सारि त्यसको सुरुवात गरेको छ । यसले सामाजिक व्यक्तित्वहरुलाई उहाको योगदानको सम्मान गर्ने विश्वास रहेको छ । एनसीसी युएसएले यस्ता सम्मान कार्यक्रम अन्य समाजमा योगदान पुर्याउनु भएका प्रतिस्थित ब्यक्तिहरूलाई गर्दै जाने छ ।

### २७. नेपाल र भारतको विचको सिमा विवाद सम्बन्धमा अध्ययन प्रतिवेदन निर्माण

नेपाल र भारतका विचमा सिमा विवादका सम्बन्धमा संघले विज्ञहरुको सहभागितामा अध्ययन समिति बनाएको थियो । सो अध्ययन समितिले अध्ययन पश्चात प्रतिवेदन समेत तयार गरी संघलाई बुझाएको छ । भारतले समय समयमा नेपालको भूभाग मिच्ने गरेकोमा नेपाल भित्र मात्र होइन नेपाल वाहिर रहेका हामी गैर आवासीय नेपालीले समेत त्यसको विरोध गर्दै आएका छौं । यसै सन्दर्भमा संघको तर्फवाट संयुक्त राष्ट्र संघ लगायतका अन्तराष्ट्रिय निकायमा ज्ञापन पत्र बुझाउने काम समेत गरिएको थियो ।

### २८. मेन स्ट्रिमका लागि सहयोगी

अमेरिकामा गैर आवासीय नेपालीको संख्या बढेसँगै यहाँको विभिन्न क्षेत्रको मुलधारमा नेपालीको सहभागिता समेत बढ्दै गएको छ । यहाँको एक राज्यको हाउस अफ डेलिगेट्स देखि लिएर उपमेयर तथा विभिन्न शहरमा काउन्सील म्यान लगायत विभिन्न निकायमा गैर आवासीय नेपाली चुनिने क्रम बढेको छ । राजनितिक क्षेत्रमा मात्र नभई अन्य क्षेत्रमा पनि विस्तारै नेपालीको उपस्थिति बढिरहेको छ । यस कार्यमा संघले सहयोगी भूमिका निभाउदै आएको छ ।

### २९.राष्ट्रिय आविस्कार केन्द्र सँगको सहकार्य

संघले राष्ट्रिय आविस्कार केन्द्र सग औपचारिक रुपमा सहकार्य सुरु गरेको छ । सघले केन्द्र संगको समन्वयमा अमेरिकामा विभिन्न ठाउमा कार्यक्रम समेत गरेको छ भने आगामी दिनमा योजनामा केन्द्रीत रही सहकार्य गर्ने भन्ने विषयमा समेत दुई संस्थाका बीचमा सहमती समेत भैसकेको छ । संघले नेपालमा आविस्कार केन्द्रसँग मिलेर कुनै योजनामा काम गर्नेछ । आगामी दिनमा त्यो कार्य अगाडि बढ्नेछ ।

### ३०. अत्यावश्यक सहयोगको कार्यक्रम

अमेरिकाका विभिन्न राज्य तथा शहरहरुमा बस्दै आउनुभएका नेपालीहरु जो समस्यामा पर्नुभएको छ , उहाँहरुलाई सहयोग गर्ने कार्यमा पनि संघले पहल गरेको थियो । अमेरिकामा मृत्यु भएकाहरु जसको परिवार नेपालमा रहनुभएको छ, ती व्यक्तिहरुको शव परिवारले चाहेको खण्डमा नेपालमा पठाउन वा अमेरिकामै दाहसंस्कार गर्नको लागि संघले स्थानिय संघ संस्था संग मिलेर सहयोग गर्दै आएको छ । आर्थिक अभावले उपचारमा समस्या परेको गैर आवसीय नेपालीलाई समेत संघले सहयोग गरेको थियो । यसका साथै अत्यावश्यक सहयोग समेत संघले गर्दै आएको छ ।

गैर आवासीय नेपाली संघ, अमेरीकाले माथि उल्लेख गरिएका भन्दा अरू धेरै कार्यहरू गरेको छ, तर माथि प्रमुख बुंदाहरूलाई मात्र समेट्ने प्रयास गरीएको छ । यि सबै कार्यहरू आम सदस्यहरूको सहयोग र सुझाबमा मत्र सम्पन्न भएको थियो । एनआरएनएको अभियानमा हामीलाई सहयोग तथा सहकार्य गर्नु हुने सम्पुर्णमा बर्तमान कार्य समिति बिशेष धन्यबाद सहित आभार ब्यक्त गर्दछ । धन्यवाद ।

भवदीय,

Pashupatipandey

पशुपती पाण्डे
महासचिव
गैर आवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद्,अमेरिका (वर्ष २०१९ देखि २०२१)

# आर्थिक प्रतिबेदन



नेत्र बन्धु पोखेल
कोषाध्यक्ष (2019-2021)

श्रद्धेय सभाध्यक्ष ज्यू,
सम्पूर्ण सदस्यहरु
सादर नमन,

आज भन्दा ठीक २ बर्ष पहिले हामीले कार्यभार सम्हालेका थियौं । दशौं साधारण सभाको यस अनुपम क्षणमा म हामीलाई काम गर्ने अवसर दिनु हुने र काम गर्ने क्रममा पाइला पाइलामा सहयोग गर्नु हुने सम्पूर्ण गैर आवासीय नेपालीहरु प्रति कृतज्ञता जाहेर गर्न चाहन्छु । निर्दिष्ट उद्देश्य र दृढ संकल्पका साथ अगाडी बढ्दै गर्दा विश्वलाई नै आक्रान्त पारेको कोरोनाको महामारीले हामीलाई पनि आफ्नो ध्यान त्यता तर्फ केन्द्रित गर्नु पर्ने अनिवार्यताको स्थिति सिर्जना भयो जसले गर्दा लक्षित कार्यक्रम सम्पन्न गर्नमा बिलम्ब वा अबरोध हुनु स्वाभाविक थियो ।

दुइ बर्ष पहिले सदस्यता शुल्क माथिको निर्भरतालाई कम गर्दै अन्यश्रोतको खोजी गर्ने र संस्थालाई पूर्ण रुपमा पारदर्शी बनाउने कार्य सम्पादन शुरु गर्दै गर्दा रहेको अन्योलतालाई चिर्न पूर्व कोषाध्यक्ष ज्यूहरु लगायतका पूर्व पदाधिकारी ज्यूहरु, आन्तरिक लेखा परिक्षण समितिका पदाधिकारीहरु र सहकर्मी साथीहरु , आर्थिक समितिका साथीहरु, संबन्धित क्षेत्रका साथीहरु र आम गैर आवासीय नेपालीहरुको एक्यबद्धता र सहयोगले नै यस बिषम परिश्थितिमा पनि यहाँ सम्म आइ पुग्न शंभव भएको हो ।

दुई बर्षको कार्यकालमा भए गरेका कामहरु संस्थाले इमेल, न्यूज लेटर र मिडियाको माध्यमबाट यहाँहरु समक्ष राख्दै आएको छ र महा सचिब ज्यूको कार्य प्रगति प्रतिबेदनमा पनि उल्लेख गरिएका छन । कर्म भूमी र जन्म भूमीमा कोभिड पिडितलाई सहयोग गर्नु, दुईवटा राष्ट्रिय युवा सम्मेलन गर्नु, विद्यार्थीहरुमा क्षमता अभिबृद्धिमा प्रतिस्प्रधात्मक क्षमताको बिकास गर्न छात्रबृत्तिमा बढोत्तरी, ड्रिम बिग प्रोजेक्ट जस्ता कार्यक्रम संचालन गरि सुन्दर र सफल भविष्य प्रति संबेदनसील बनाउँदै एनआरएन प्रति चासो बढाउन सक्नु , महिला संमेलन गर्न सफल हुनु, स्थानीय संघ संस्थासंग समन्वय र सहकार्य, संस्थाका हरेक गतिविधिमा च्याप्टरलाई अग्रसर बनाई संबन्धित राज्यमा गरिने कार्य च्याप्टर मार्फत गर्ने परम्पराको बिकास जस्ता कुराहरु कम महत्वपूर्ण छैनन ।

हामीले सरकारी/ गैर सरकारी निकायबाट कोष प्राप्त गर्न गरिएका प्रयास विधान कै कारण सफल हुन नसकेता पनि एमाजोन स्माइल र फेसबुक संबन्धित नेटवर्क फर गुड जस्ता निकाय संग सम्झौता गर्न सफल हुनु र सिमित रुपमै भए पनि रकम प्राप्त हुनु पनि हाम्रा उपलब्धिहरु हुन ।

नेपालीहरुले अत्यधिक प्रयोग गर्ने एमाजोन मा एमाजोन स्माइलमा गएर हाम्रो संस्था लाई छानेर सामान खरिद गर्ने स्थिति सिर्जना मात्र गर्न सकिएमा नेपाली समुदायले आफ्नो हितमा प्रयोग गर्न उल्लेख्य रकम प्राप्त गर्न सक्ने कुरामा द्विविधा छैन ।

संस्थालाई कर्पोरेट अबधारणामा लैजानको लागि विधानमा गरिएका गरिंदै गरेका परिवर्तन/ सुधारले अब कर्पोरेट अबधारणामा अगाडी जाने र संबन्धित सरकारी गैर सरकारी निकायबाट कोष प्राप्तीका कदमहरु अगाडी बढ्ने छन जसले गर्दा सदस्यता शुल्क माथीको निर्भरता हट्ने र यसका सदस्यहरु र सिंगो नेपाली समुदाय लाभान्वित हुने कुरामा विश्वस्त हुन सकिन्छ ।

यो आर्थिक प्रतिवेदन आवधिक रुपमा यहाँहरुले प्राप्त गरिरहनु भएका बिबरणहरु कै संयुक्त रुप भएकोले अधिकांस आम्दानी खर्चका बिबरणहरुमा यहाँहरुले जानकारी प्राप्त गरि सक्नु भएको छ ता पनि संयुक्त रुपमा यहाँहरु समक्ष राख्ने प्रयास गरिएको छ । आर्थिक बर्ष २०२० को पहिलो छ महिनाको प्रतिवेदन गत नवौं साधारण सभाले पारित गरी सकेको भएता पनि पूरै आर्थिक बर्षको संयुक्त रुपमा पनि प्रस्तुत गरिएको छ । आर्थिक बर्ष २०२० र आर्थिक बर्ष २०२१ को प्रथम तथा दोश्रो त्रैमासिक प्रतिबेदन समेत गरी २०१९-२०२१ कार्यकालको सम्पूर्ण आर्थिक प्रतिबेदन पारित गरिदिनु हुन हामी हार्दिक अनुरोध गर्दछौं ।

**नेत्र बन्धु पोखे्रल**

**कोषाध्यक्ष**

**गैर आवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद्,अमेरिका (वर्ष २०१९ देखि २०२१)**

## NRNA NCC of USA

### Financial Report

### For the period from 1st of January 2020 to 31st December 2020

| Receipt | | | | |
|---|---|---|---|---|
| SN | Particulars | Amount | Particulars | Amount |
| 1 | Membership Fee - L | $ 24,960.00 | Donation ICC | $ 1,000.00 |
| 2 | Membership Fee -G | $ 11,960.00 | Advertising & Marketing | $ 531.92 |
| 3 | Sponsor Fee | $ - | General office & postage | $ 6,338.63 |
| 4 | youth & Student Fund | $ 4,000.00 | Software/office supply | $ 8,249.69 |
| 5 | 9th AGM | $ 18,612.00 | Legal and consulant | $ 12,477.23 |
| 6 | Interest Income | $ 103.30 | ID Card Expenses | $ 2,975.00 |
| 7 | Covid 19 Support | $ 20,780.55 | Bank charge, other commission | $ 2,271.69 |
| 8 | YSF Big Dream Project | $ 7,205.12 | Website Maintenance | $ 9,806.95 |
| 9 | NRN Building Project | $ 5,000.00 | Delegets Fee Refund | $ 742.00 |
| 10 | Amazon Smile fund | $ 77.89 | Youth & Student expenses | $ 310.00 |
| 11 | Flood/Landscape Victim Support | $ 1,326.00 | Women Conference | $ 998.65 |
| 12 | 1st Global Health | $ 250.00 | 2nd Global Health conference | $ 1,900.00 |
| 13 | 2nd Global Health Conf | $ 1,034.00 | Covid-19 Affected Support | $ 39,687.88 |
| 14 | Youth Conference | $ 6,231.00 | Knowledge Conference support ICC | $ 857.00 |
| 15 | Contribution 8th AGM | $ 500.00 | Student Scholarship | $ 8,000.00 |
| 16 | Nomination Fee | $ 400.00 | Donation USA | $ 1,600.00 |
| 17 | Inperson Meeting Baltimor | $ 3,000.00 | 9th AGM | $ 8,423.78 |
| 18 | Previous Balance | $245,682.33 | Tax & State Fee | $ 40.00 |
| 19 | | | State Chapter Membership Share | $ 23,047.41 |
| 20 | | | Global Health Event 1st | $ 364.87 |
| 21 | | | Flood Victim Affected Support | $ 4,940.00 |
| 22 | | | Regional Conference ICC ( Canada) | $ 1,000.00 |
| 23 | | | Event Expenses | $ 6,445.29 |
| 24 | | | Meeting And conferences | $ 8,937.36 |
| 25 | | | Publishing & Printing | $ 1,750.00 |
| 26 | | | Bank Balance at the end of June | $ 198426.84 |
| ***Total*** | | ***$ 351,122.19*** | ***Total*** | ***$ 351,122.19*** |

नेत्र बन्धु पोखेल
कोषाध्यक्ष

## NRNA NCC of USA

### Financial Report

### For the period of 1st of July 2020 to 31st December 2020

| Receipt | | | Expenses | |
|---|---|---|---|---|
| SN | Particulars | Amount | Particulars | Amount |
| 1 | Membership Fee - L | $ 22,710.00 | Donation ICC | $ 1,000.00 |
| 2 | Membership Fee -G | $ 11,220.00 | Advertising & Marketing | $ 31.92 |
| 3 | Sponsor Fee | $ - | General office & postage | $ 3,681.67 |
| 4 | youth & Student Fund | $ - | Software/office supply | $ 4,595.99 |
| 5 | 9th AGM | $ 4,462.00 | Legal and consulant | $ 5,141.23 |
| 6 | Interest Income | $ 11.55 | ID Card Expenses | $ 1,475.00 |
| 7 | Covid 19 Support | $ 96.95 | Bank charge, other commission | $ 1,588.33 |
| 8 | YSF Big Dream Project | $ 7,199.12 | Website Maintenance | $ 7,799.24 |
| 9 | NRN America Building | - | Delegets Fee Refund | $ 342.00 |
| 10 | Amazon Smile fund | $ 72.89 | Youth & Student expenses | $ 310.00 |
| 11 | Flood/Landscape Victim Support | $ 1,326.00 | Women Conference | $ 998.65 |
| 12 | 2nd Global Health | $ 1,034.00 | 2nd Global Health conference | $ 1,900.00 |
| 13 | Previos Balance | $212036.51 | Covid-19 Affected Support | $ 1,878.66 |
| 14 | | - | Knowledge Conference support ICC | $ 857.00 |
| 15 | | - | Student Scholarship | $ 8,000.00 |
| 16 | | | 9th AGM | $ 7,616.91 |
| 17 | | | Tax & State Fee | $ 20.00 |
| 18 | | | Donation USA | $ 600.00 |
| 19 | | | Flood Victim Affected Support | $ 4,940.00 |
| 20 | | | Regiona Conference America | $ 1000.00 |
| 21 | | | Meeting And conferences | $ 6 665.58 |
| 22 | | | Publishing & Printing | $ 1300.00 |
| 23 | | | Bank Balance at the end of December | $ 98426.84 |
| | ***Total*** | ***$ 260,169.02*** | ***Total*** | ***$ 260,169.02*** |

नेत्र बन्धु पोख्रेल
कोषाध्यक्ष

## NRNA NCC of USA

### Financial Report

### For the period from 1st of January 2021 to 31st March 2021

| Receipt | | | Expenses | |
|---|---|---|---|---|
| SN | Particulars | Amount | Particulars | Amount |
| 1 | Membership Fee - L | $ 184,300.00 | Publication & Printing | $ 1,750.00 |
| 2 | Membership Fee -G | $ 340,850.00 | Meeting & conference | $ 2,541.88 |
| 3 | Sponsor Fee | $ | General office & postage | $ 1,693.45 |
| 4 | Donation | $ 55,606.00 | Software/office supply | $ 5,616.79 |
| 5 | Dream Big challenge | $ 602.00 | Legal and consulant | $ 2,827.00 |
| 6 | Events Big Dream challange | - | Donation USA | $ 700.00 |
| 7 | Interest Income | $ 11.68 | Bank charge, other commission | $ 19,164.15 |
| 8 | Covid 19 Support | $ - | Website & Maintenance | $ 2,428.87 |
| 9 | Youth And Student Fund | $ - | Donation Non USA ICC Gorkha Landslide affected support | $ 8,240.00 |
| 10 | NRN America Building | $ | Member Registration support | $ 4,000.00 |
| 11 | Amazon Smile fund | $ 38.74 | Advertising & Marketing | $ 80.21 |
| 12 | Previos Balance | $ 198426.54 | Dream Big Challenge for students | $ 7,750.00 |
| 13 | | | Student Computer training support | $ 2,000.00 |
| 14 | | | Contribution Refund and dispute | $ 316.70 |
| 15 | | | ID Card expenses | $ 1,980.00 |
| 16 | | | State Chapter membership | $ 1,592.72 |
| 17 | | | Insurance | $ 3,734.38 |
| 18 | | | Bank Balance at the end of March | *$ 703,418.81* |
| | ***Total*** | ***$ 779,834.96*** | ***Total*** | ***$ 779,834.96*** |

नेत्र बन्धु पोखेल
कोषाध्यक्ष

"Once a Nepali Always a Nepali"

## NRNA NCC of USA

### Financial Report

For the period from 1st of April 2021 to 30th June 2021

| Receipt | | | Expecses | |
|---|---|---|---|---|
| SN | Particulars | Amount | Particulars | Amount |
| 1 | Membership Fee | $ - | Asset Computer and luggage | $ 2,762.55 |
| 2 | Nomination Fee | $ 186,700.00 | General office & postage | $ 4,702.38 |
| 3 | Donation | $ 9.00 | Software/office supply | $ 2,950.31 |
| 4 | Covid 19 Support | $ 45,331.93 | Legal and consulant | $ 24,415.34 |
| 5 | Events contributions 10th AGM | $ 20,158.42 | Donation USA | $ 1,600.00 |
| 6 | Interest Income | $ 19.61 | Bank charge, other commission | $ 5,353.08 |
| 7 | Covid 19 Support | $ - | Website & Maintenance | $ 19,439.45 |
| 8 | NRN Building Fund | $ 151.00 | Donation ICC oxygen plant | $ 50,000.00 |
| 9 | NRN America Building Project | $ - | Member Registration support | $ 4,725.00 |
| 10 | Amazon Smile fund | $ 41.30 | Advertising & Marketing | $ 17.86 |
| 11 | Previos Balance | $ *703,418.81* | Covid 19 affected support ICC | $ 19,000.00 |
| 12 | | | Covid 19 affected support USA | $ 300.00 |
| 13 | | | Events and Programs expense | $ 2,389.00 |
| 14 | | | Flood Victim Support | $ 300.00 |
| 15 | | | 10th AGM | $ 9,047.29 |
| 16 | | | Student Cumpoter Training Support | $ 750.00 |
| 17 | | | 2nd Youth Conference | $ 959.90 |
| 18 | | | Election | $ 15,373.80 |
| 19 | | | Meeting & conference | $ 3297.95 |
| 20 | | | Bank Balance at the end of June | $ *788,446.16* |
| ***Total*** | | ***$ 955,830.07*** | ***Total*** | ***$ 955,830.07*** |

"Once a Nepali Always a Nepali"

नेत्र बन्धु पोख्रेल
कोषाध्यक्ष

## NRNA NCC of USA

### Financial Report

### Bank Balance at the End of June 2021

| S.N. | Bank Name | Account No: | Amount | |
|---|---|---|---|---|
| 1 | Wells Fargo Checking | | $ | 43,158.01 |
| 2 | Wells Fargo Saving | | $ | 701,009.18 |
| 3 | Youth and student Fund | | $ | 28,681.51 |
| 4 | NRN America Building Fund | | $ | 10,455.99 |
| 5 | Brain Tree Account | | $ | - |
| 6 | Paypal Account | | $ | 5,141.47 |
| | ***Total Bank Balance*** | | ***$*** | ***788,446.16*** |

Assets:

**Laptop Computer:** **$ 2578.55**

**Luggage Box:** **$ 184.00**

## NRNA NCC of USA

### Financial Report

### Amount in different Accounts/ Purposes at the End of June 2021

| S.N | Accounts/Purpose | Amounts |
|---|---|---|
| 1 | Checking Account ( General ) | 243061.73 |
| 2 | Life Member Fund | 257530.00 |
| 3 | NRN Building Fund | 175448.93 |
| 4 | Emergency Fund | 43382.01 |
| 5 | Women Fund | 34342.70 |
| 6 | Youth & Student Fund | 29431.45 |
| 7 | Prahlad Bindu Fund | 5249.34 |
| | ***Total*** | ***788,446.16*** |

नेत्र बन्धु पोखेल

कोषाध्यक्ष

# Executive Board of 2019-2021



Suneel Sah
President@nrnusa.org
President



Dr. Arjun Banjade
Sr.Vice-President@nrnusa.org
Sr. Vice President



Babu R.(BR) Lama
Vice-president.ne@nrnusa.org
Vice President, North East



Krishna J. Panth
Vice-president.s@nrnusa.org
Vice President, South



Buddi Sagar Subedi
Vice-president.mw@nrnusa.org
Vice President, Mid-West



Sarbajna Wagle
Vice-president.w@nrnusa.org
Vice President, West



Pashupati R. Pandey
GeneralSecretary@nrnusa.org
General Secretary



Amrit Babu Kattel
Secretary@nrnusa.org
Secretary



Netra (Bandhu) Pokharel
Treasurer@nrnusa.org
Treasurer



Santosh Kumar Bista
Joint-treasurer@nrnusa.org
Joint-Treasurer

# Executive Board of 2019-2021



**Om K. Bhattarai**
Spokesperson@nrnusa.org
Spokesperson



**Diksha Basnet**
W.Coordinator@nrnusa.org
Women Coordinator



**Binod Ruwali**
Y.Coordinator@nrnusa.org
Youth Coordinator



**Chhatra K. Gurung**
BOD1@nrnusa.org
Board of Director



**Padam B. Thakurathi**
BOD2@nrnusa.org
Board of Director



**Durga P. Shrestha**
BOD3@nrnusa.org
Board of Director



**Chet Prasad (CP) Paudel**
BOD6@nrnusa.org
Board of Director



**Basudev Adhikari**
BOD4@nrnusa.org
Board of Director



**Satya N. Chaudhari**
BOD5@nrnusa.org
Board of Director



**Chitra Karki**
BOD7@nrnusa.org
Board of Director



**Jeewan K. Joshi**
BOD8@nrnusa.org
Board of Director



**Khim B. Bhattarai**
BOD9@nrnusa.org
Board of Director



**Tilak B. KC**
BOD10@nrnusa.org
Board of Director



**Ammar B. Chhantyal**
BOD11@nrnusa.org
Board of Director



**Dharam Bishwokarma**
BOD12@nrnusa.org
Board of Director

# Regional Committee Chairs



Sanjeev Shrestha



Bikash Uprety



Gobinda Shrestha



Roshan Adhikari

# Thank You!